नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## विज्ञप्ती

मिति २०८१/१२/१३ गते ।

**विषयः- श्री दोलखा जिल्ला अदालतमा सम्पत्ती शुद्धीकरण सम्बन्धी मुद्दा दायर गरिएको सम्बन्धमा ।**

प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सनद प्रधान समेत भएको अवैध रुपमा सुनको चोरी पैठारी राष्ट्र बैंक सम्बन्धी कसुर र संगठित अपराध समेत भएको उक्त मुद्धाका प्रतिवादीहरु मध्येका टाँसी भन्ने GENG ROU , टासि दावा भन्ने आकर लामा, नुर्बु छिरिङ शेर्पा, पेम्बा तामाङ्ग(क) च्याङवा भन्ने चस्मान तामाङ्ग, सदन प्रधान, महिमा माझी, लाल बहादुर तामाङ्ग, सरोज भण्डारी, पवन गुप्ता, मिलन वि.क. मिलन भन्ने लेखराज नेवार, ललिता खत्री र सुरेश भन्ने दुर्गा बहादुर खत्री समेतले गैरकानूनी रुपमा नेपालमा सुन भित्र्याउने र सो बापत दिनु पर्ने भुक्तानी अबैध DIGITAL CURRANCY(USTD) क्रिप्टो करेन्सी मार्फत दिई क्रिप्टो करेन्सीको कारोबार गरी संगठित अपराध गरी गराई कसुर अपराधबाटै गैरकानूनी सम्पत्तिहरु आर्जन गरेको र सो सम्पत्तिहरु आर्जन गरेको र सो सम्पत्तिहरु विभिन्न व्यवसायहरुमा लगानी तथा लुकाउने उदेश्यले LAYERING  समेत गरी सम्पत्तिहरु बढे, बढाएको समेत हुन सक्ने भएकोले निजहरुले गैरकानूनी तवरले प्राप्त गरेको तथा गैरकानूनी तवरले प्राप्त गरेको सम्पत्ति लगानी समेत गरी सो बाट बढे, बढाएको सम्पत्तिहरुको सम्बन्धमा निज प्रतिवादीहरुलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा आवश्यक कागजात सहित अनुसन्धान लगायतका कार्यका लागी लेखी पठाउनु हुन अनुरोध भनि जिल्ला सरकारी वकिल कार्यालय दोलखा, चरिकोटको च.नं.३७३ मिति २०८०।०८।१० गतेको पत्र यस कार्यालयमा प्राप्त हुन आएको हुँदा उक्त मुद्धाका सम्वन्धीत कागजातहरुको प्रतिलिपी सहित पठाईएको भन्ने जिल्ला प्रहरी कार्यालय च.नं.१८३८ मिति २०८०।०८।१७ गतेको पत्र यस विभागको सुचना दर्ता नं.२१४ मा मिति २०८०।८।१७ गते दर्ता भएपश्चात यस विभागबाट प्रतिवादीहरु चेतनाथ न्यौपाने समेत २६ उपर सम्पत्ती शुद्धीकरण सम्बन्धी कसूरको रोहबाट विस्तृत अनुसन्धान गर्नुपर्ने प्रारम्भिक जाँचबुझ प्रतिवेदन पेश भई अनुसन्धान पश्चात आरोपीहरु उपर दोलखा जिल्ला अदालतमा अभियोजन गरिएको मुद्दाका सिलसिलामा खडा भएका प्रमाण कागजातहरु तथा आरोपीहरु उपरको सम्पत्ती शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धानका क्रममा संकलित अन्य प्रमाण कागजात एवं मुल्य निर्धारण समेतका लागि पठाइएको बरामद भएको कुल ११ किलो सुन मध्ये सुनको ढिक्का ४ थानको तौल ४ किलोको बजार मुल्य रु.३,७५,८६,०००।-( तीन करोड पचहत्तर लाख छयासी हजार) रहेको भन्ने काठमाडौं सुनचांदी व्यवसायी संघको पत्र समेतका

आधारमा आरोपीहरुले एक आपसमा मिलेमतो गरी अर्थोपार्जनको मनसायका गैरकानुनी रुपमा नेपालमा पटक पटक गरी कुल ३३ किलो सुन ( कुल मुल्य रु.३१,११,७०,४४६.१५/-) भित्र्याई र सो वापत दिनुपर्ने भुक्तानि अवैध DIGITAL CURRENCY क्रिप्टो करेन्सी, अमेरीकी डलर साथै आखेटोपहार कस्तुरीको विना समेत मार्फत दिई क्रिप्टो करेन्सीको कारोवार गरी संगठित अपराध गरी गराई सोही कसूर अपराधबाटै गैरकानूनी सम्पत्तिहरु आर्जन गरेको र सो सम्पत्तिहरु व्यवसायमा लगानी तथा लुकाउने उदेश्यले Layering समेत गरी निजहरुले उक्त सम्पत्ती गैँरकानूनी तवरले लगानी समेत गरी सो वाट बढे बढाएको देखिएकोले सम्पत्ती शुद्धीकरण सम्वन्धी कसूरको वारदात स्थापित भएकोले आरोपीहरु उपर सम्मानित दोलखा जिल्ला अदालतमा अभियोजन भएको सम्वद्व कसूरबाट निजहरुले आर्जन गरेको रकम गैरकानूनी स्रोत (Illicit Origin) बाट प्राप्त रकम हो भन्ने जानीजानी सो रकमलाई उत्पत्तिको स्रोतबाट छल्ने लुकाउने मनसायले आरोपीहरु सनद प्रधान समेतका मानिसहरुलाई प्रयोग गरि निजहरु समेतको सहयोगमा सो रकमलाई खण्डीकरण गरी सहि प्रकृति वदल्ने सो उपरको अधिकार र स्वामित्व लुकाउने, छल्ने, वदल्ने हस्तान्तरण गर्ने समेतका कसूरजन्य कार्य गरी विदेशी नागरिकहरु आकर लामा, टांसी भन्ने **GENG ROU** साथै नेपाली नागरिकहरु नुर्वु छिरिङ शेर्पा, पेम्बा तमाङ (क), च्याङबा भन्ने चस्मान तमाङ, चेतनाथ न्यौपाने, महिमा माझी, सनद प्रधान, लाल बहादुर तामाङ, तिलक बि.क. , दिपेन्द्र राज शाक्य, राज बहादुर श्रेष्ठ, केशर तामाङ, माधव कुमार मगर, अशोक मगर, ठुन्डु भन्ने थुन्दु शेर्पा, नर्वु तमाङ, साङा शेर्पा, पेम्बा तमाङ (ख), मिलन बि.क. , पवन गुरुङ, मिलन नेवार भन्ने लेख राज नेवार, सरोज भण्डारी, सुरेश भन्ने दुर्गा बहादुर खत्री, ललिता खत्री, सुनमाला तमाङगरी कुल २६ जना आरोपीहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) (ख) (ग) ले निषेधित कार्य गरी गराई सोही दफा ३ को उपदफा (२) र (३) समेतको सम्पत्ति शुद्धीकरणको कसूर अपराध गरेको पुष्टी भई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३० (१) बमोजिम सजाय गरी सोही दफा वमोजिम आरोपीहरुको **कसूरमा संलग्नताका आधारमा कायम भएको** कुल ने.रु.६,३२,७१,३२,४०४.४/- (छ अरव वत्तिस करोड एकहत्तर लाख बत्तिस हजार चार सय चार रुपैया चार पैसा) बिगो कायम गरी उक्त बिगोको दोब्बर जरिवाना हुन, निजहरुले कसूर गरी बैंक खातामा हाललाई जम्मा गरेको रकम साथै कसूरबाट प्राप्त घर, जग्गा जमिन जफत हुन मागदावी लिई जिल्ला सरकारी वकिल कार्यालय दोलखा मार्फत श्री दोलखा जिल्ला अदालतमा मिति २०८१।१२।५ गते मुद्दा दायर गरिएको छ ।

२०८१।१२।१२